# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २४] काठमाडौं, भदौ २५ गते २०३१ साल [अतिरिक्ताङ्क २४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको
### सूचना

श्री ५ महाराजाधिराजबाट २०२९ साल ज्येष्ठ २७ गते मौसूफका अध्यक्षतामा गठन गरिबक्सेको राष्ट्रिय विकास परिषद्को सदस्यमा नेपाल अधिराज्यका ७५ जिल्ला पञ्चायतहरू मध्येबाट तराई, पहाड र दूर्गम जिल्लाहरू मिलाई १।१ वर्षको पालो गरी चौधै अञ्चलको प्रतिनिधित्व हुने किसिमले १४ जिल्ला पञ्चायतका सभापतिहरू रहने व्यवस्था अनुरूप २०३१ साल भाद्र २६ गतेदेखि तेस्रो एक वर्षको लागि देहायका जिल्ला पञ्चायतका सभापतिहरूलाई उक्त परिषद्को सदस्यमा तोकिबक्सेको छ।

१. मेची अञ्चल --सभापति, झापा जिल्ला पञ्चायत।
२. कोशी अञ्चल --सभापति, संखुवासभा जिल्ला पञ्चायत।
३. सगरमाथा अञ्चल --सभापति, सिराहा जिल्ला पञ्चायत।
४. जनकपुर अञ्चल --सभापति, सिंधुली जिल्ला पञ्चायत।
५. वाग्मती अञ्चल --सभापति, काभ्रेपलाञ्चोक जिल्ला पञ्चायत।
६. नारायणी अञ्चल --सभापति, बारा जिल्ला पञ्चायत।
७. गण्डकी अञ्चल --सभापति, मनाङ्ग जिल्ला पञ्चायत।

३८२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. लुम्बिनी अञ्चल — —सभापति, अर्घाखाँची जिल्ला पञ्चायत ।
९. धवलागिरि अञ्चल — —सभापति, बागलुंग जिल्ला पञ्चायत ।
१०. राप्ती अञ्चल — —सभापति, प्यूठान जिल्ला पञ्चायत ।
११. कर्णाली अञ्चल — —सभापति, हुम्ला जिल्ला पञ्चायत ।
१२. भेरी अञ्चल — —सभापति, बर्दिया जिल्ला पञ्चायत ।
१३. सेती अञ्चल — —सभापति, डोटी जिल्ला पञ्चायत ।
१४. महाकाली अञ्चल — —सभापति, डडेल्धुरा जिल्ला पञ्चायत ।

हुकुमबक्सेबमोजिम,
कल्याणविक्रम अधिकारी
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।